तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या ५/०७९/०८० (१३५) मिति २०७९/०९/१३ गते ।

प्रस्तावहरुः

१. नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२. आ.व.०८०/०८१ को लागि संघीय सरकार र प्रदेश सरकारको समपूरक तथा विशेष अनुदानका योजनाहरु छनौट सम्बन्धमा ।
३. विद्यालयको नाम परिवर्तन सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा ।
४. वडा नं.-८ को अव्यवस्थित बसोबासीको सिफारिस सम्बन्धमा ।
५. वडा नं.-१४ को वडा कार्यालय भवन निर्माण स्थलको प्राविधिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।
६. वडाबाट प्राप्त योजना संशोधन सम्बन्धमा ।
७. आ.व.२०७९/०८० को एकमुष्ठ बजेट बाँडफाँड सम्बन्धमा ।
८. आगामी नगरसभाको मिति तय सम्बन्धमा ।
९. घुम्ती सेवा संचालन सम्बन्धमा ।
१०. लैङ्गिक समानता सामाजिक समावेशीकरण अनुगमन तथा निर्देशन समिति गठन सम्बन्धमा ।
११. सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सार्वजनिकीकरण सम्बन्धमा।
१२. घर नम्बरिङ्ग वडा नं.-७ देखि १७ को म्याद थप सम्बन्धमा ।
१३. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
१४. शुद्धोधन गाँउपालिकालाई दिने रकम (पहुँनी नाकाको ०७८/०७९ को राजश्व बाँडफाँड) सम्बन्धमा ।
१५. प्रभात आधारभूत विद्यालयलाई हाटबजार वापतको राजस्व फिर्ता सम्बन्धमा ।
१६. ०७९/०८० को विज्ञापन करको हर्जना सम्बन्धमा ।
१७. सडक बोर्ड नेपालसँगको सहकार्यमा संचालन हुने योजनाहरु सम्बन्धमा ।
१८. विविध ।
 क) स्थानीय तह संस्थागत स्व-मूल्यांकनको प्राप्त नतिजा सम्बन्धमा ।
 ख) देवदह साझेदारी वनका लागि प्रतिनिधि सिफारिस सम्बन्धमा ।

२०७९/०९/१३
नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

०९/१२
रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-१

तिलोत्तमा नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०७९/०८/२१ गते बसेको बैंठकका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं.-२

नेपाल सरकारको समपुरक अनुदान सम्वन्धी कार्यविधि (तेस्रो संशोधन) २०७७, बमोजिम यस तिलोत्तमा नगरपालिकाको आ. व. ०८०/०८१ का लागि प्राथमिकताको आधारमा संघीय सरकार समपूरक अनुदानका देहायका आयोजनाहरुमा नगरपालिकाको ५० प्रतिशत लागत साझेदारीको श्रोत सुनिश्चितता सहित सिफारिस गरी पठाउने निर्णय गरियो ।

| संघीय समपूरक अनुदान : | | | |
|---|---|---|---|
| प्राथमिकता क्र.स. | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १. | पत्थरडाँडा-वरौलिया सडक | पूर्वाधार | वडा नं. १५ र १६ |
| २. | ड्राईभरटोल- डिंगनगर- नयाँमिल- तिनाउँ सडक | पूर्वाधार | वडा नं. ३ र ४ |
| ३. | शिवपुर चोकदेखि मक्रहर हुदै ति.न.पा. १० नमुना चोकसम्मको सडक | पूर्वाधार | वडा नं. १०, ११ र १२ |
| ४. | वडा कार्यालय भवन निर्माण, वडा नं.२, ७, १५ र १७ | सुशासन | वडा नं. २, ७, १५ र १७ |
| ५. | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं.१३, १५ र १७ | सामाजिक क्षेत्र | वडा नं. १३, १५ र १७ |

त्यसैगरी, नेपाल सरकारको विशेष अनुदान सम्वन्धी कार्यविधि (तेस्रो संशोधन) २०७७, बमोजिम यस तिलोत्तमा नगरपालिकाको आ. व. ०८०/०८१ का लागि प्राथमिकताको आधारमा संघीय सरकार विशेष अनुदानका देहायक आयोजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

| संघीय विशेष अनुदान | | | |
|---|---|---|---|
| प्राथमिकता क्र.स. | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १. | जनजागृति मा. वि., जनभावना मा. वि., भरौलिया मा. वि. भवन निर्माण, तीन वर्षीय क्रमागत योजनाहरु | शिक्षा | क्रमशः वडा नं. २, ८ र १७<br>क्रमागत योजना |

| | | | |
|---|---|---|---|
| २. | शंकरनगर दुर्गादत्त मा. वि. भवन निर्माण | शिक्षा | वडा नं. २ |
| ३. | जनहित मा. वि. भवन निर्माण | शिक्षा | वडा नं. १० |
| ४. | मिसुजु प्रा. वि. भवन निर्माण | शिक्षा | वडा नं. १६ |
| ५. | जनता मा. वि. भवन निर्माण | शिक्षा क्षेत्र | वडा नं. १३, तिनधुरा |

आर्थिक वर्ष ०८०/०८१ को लागि प्रदेश सरकार समपूरक अनुदान र विशेष अनुदानका देहायक आयोजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

| प्रदेश समपूरक अनुदान | | |
|---|---|---|
| **सि.नं.** | **आयोजनाको नाम** | **आयोजना कार्यान्वियन गर्ने स्थान** |
| १. | मुडियारी-जहदा सडक, क्रमागत | वडा नं. १७ र ७ |
| २. | टिका भवन- दक्षिण सरस्वती पथ-जागृति पथ सडक | वडा नं. ५ र ९ |
| ३. | गणेशपुर- हाटबजार हुदैं वडा नं. १३ र १४ जाने सडक, क्रमागत | |
| ४. | सिटी कलेज पश्चिम जाने सडक विस्तार, क्रमागत | वडा नं.१४ |
| ५. | चाँदनी मार्ग स्तरोन्नति, क्रमागत | वडा नं. ४ |
| ६. | प्रगतिचोकदेखि उत्तर सडक मर्मत | वडा नं. ८ |

**निर्णय नं.-३**

मिति २०७९/०८/२७ गते नगर प्रमुखस्तरीय निर्णयबाट तिलोत्तमा नगरपालिका, वडा नं.-६ स्थित साविकको नाम डन चिल्ड्रेन ईङ्गलिस स्कुल, रुपन्देही परिवर्तन भई डन मोडल एकेडेमी कायम भएकोमा उक्त नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.-४**

तिलोत्तमा नगरपालिका, वडा नं.-८ को प. स. ०७९/०८०, च.नं. ५६९, मिति २०७९/०५/२७ गतेको सिफारिस पत्र तथा मिति २०७९/०५/२७ गतेको ८ नं. वडा समितिको बैठकको निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल सरकारको भूमिहिन दलित, भूमिहिन सुकम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड २०७८ को दफा ४(१) र सोही मापदण्डको दफा ५(१) बमोजिम भूमिहिन दलित र भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी पहिचान तथा प्रमाणिकरण गरी राष्ट्रिय भूमी आयोग, जिल्ला समिति, रुपन्देहीमा पठाउने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

क) अव्यवस्थित बसोबासी परिवार

| सि.नं. | नाम थर | बसोबासीको प्रकार | क्षेत्र | दर्ता नं. |
|---|---|---|---|---|
| १ | चक्रपाणी पाण्डे, तिलोत्तमा, वडा नं.-८ | अव्यवस्थित | ग्रामीण क्षेत्र | AB०१२५ |

**निर्णय नं.-५**

तिलोत्तमा नगरपालिकाको वडा नं.-१४ को वडा कार्यालयको प.सं. ०७९/०८० च.नं. ६९६ मिति २०७९/०६/१४ गतेको पत्रानुसार मिति २०७९/०६/१४ गतेको सर्वदलीय बैठक र वडा समितिको बैठकको निर्णयानुसार टिकुलीगढ खानेपानीको जग्गा भन्दा उत्तर, बाटो भन्दा दक्षिण, घोला भन्दा पश्चिमको कि.नं. ७२ को जग्गामा वडा कार्यालय भवन निर्माणको लागि सिफारिस भई आएको, मिति २०७९/०७/०६ गतेको नगर कार्यपालिका बैठकको निर्णयबाट शाखा अधिकृत माधव प्रसाद पोखेलको संयोजकत्वमा प्राविधिक समिति गठन गरी उक्त समितिलाई स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान गरिएकोमा समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । साथै, उक्त वडा कार्यालयको मिति २०७९/०६/१४ गतेको पत्रबाट सिफारिस भई आएको स्थलमा वडा कार्यालय भवन बनाउने कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी उक्त प्रतिवेदन बमोजिम निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.-६**

चालु आ. व. ०७९/०८० को नगर विकास योजनामा देहाय बमोजिमका योजनाहरु वडा कार्यालयबाट प्राप्त पत्रहरुको आधारमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं. | नगर विकास योजनामा भएको नाम | योजनाको संशोधित नाम |
|---|---|---|---|
| १. | १ | शी.नं.३०१०-८, सुपादेउराली पथ कालोपत्रे | सुपादेउराली पथ सडकमा नाली निर्माण |
| २. | १ | शि.नं.३०१०-४, इन्द्र पथ कालोपत्रे | इन्द्र पथ सडक किनारमा वाल निर्माण तथा स्तरोन्नती |
| ३. | ४ | डिंगरमाई पथ नाली ग्राभेल | नौं बहिनी पथ नाली निर्माण |
| ४. | ५ | विष्णु गंगा पथ ग्राभेल | बैकुण्ठ पथमा वाल निर्माण |
| ५. | ५ | पुरानो हाटबजार लाईनमा रक्षा आयुर्वेद उत्तरतर्फको बाटो ढलान | महालक्ष्मी पथ कालोपत्रे मर्मत |



...नारायण अर्याल
...प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | ६ | शी.नं. ३०१०/१३३ भल्दोदरी चोकबाट नन्दलाल खरेलको घरसम्मको सडक कालोपत्रे | धौलागिरी पथ सडक कालोपत्रे |
| | १० | शी.नं.३०२०/३७ दुर्गा मन्दिर बाल समूह भवन निर्माण | दुर्गा मन्दिरमा वाल, कम्पाउण्ड र गेट निर्माण |
| ६. | १४ | सरस्वती आधारभुत विद्यालय फिल्ड मर्मत | सरस्वती आधारभुत विद्यालय भवन निर्माण |
| ७. | १५ | मधवलिया मा. वि. को चमेना गृह निर्माण | मधवलिया मा. वि. को पुर्वाधार व्यवस्थापन |
| ८. | १७ | गंगोलिया पुल मर्मत | गंगोलिया गाउँभित्र नाली निर्माण |
| ९. | १७ | भरवलिया अधुरो सामुदायिक भवन निर्माण | पुर्व दरखसवा कानपारा कूलोमा कल्भट तथा ग्राभेल |

**निर्णय नं.-७**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० लागि स्वीकृत नगर विकास योजनको सिँचाई भवन तथा बस्ती विकास शीर्षक (क्र.स.२०२०) को क्र.स. ३ मा रहेको वडा नं. ४, ८, १०, १३ र १६ को वडा कार्यालयमा वाउण्ड्री वाल तथा पाकिङ्ग रोड निर्माणमा विनियोजित रु.६०,०००००/- (अक्षरुपी साठ्ठी लाख रुपैंया मात्र) लाई प्रत्येक वडामा बरावरी हिसावले रु.१२,०००००/- (अक्षरुपी बाह्र लाख रुपैंया मात्र) विभाजन गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.-८**

तिलोत्तमा नगरपालिकाको आ.व.०७९/०८० को दोस्रो नगरसभा (दोस्रो अधिवेशन) मिति २०७९/०९/२४ गते दिनको १:०० बजे नगर कार्यपालिकाको मुख्य प्रशासनिक भवनको सभाहलमा आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.-९**

नगरपालिकाबाट प्रदान गरिने समग्र सेवा प्रवाह तथा विकास व्यवस्थापन कार्यलाई सहज तुल्याउन प्रत्येक वडा कार्यालयहरुबाट तिलोत्तमा सर्भिस मार्ट (एकिकृत घुम्ती शिविर) संचालन गर्ने र यसको सुरुवात तिलोत्तमा नगरपालिकाको वडा नं. ०७ बाट गर्ने निर्णय गरियो । साथै सेवा प्रवाहलाई थप व्यवस्थित, प्रभावकारी उत्तरदायी बनाउन श्रीमान् नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडा सचिवहरुबीच कार्यसम्पादन करार गर्ने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-१०

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ बमोजिम नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको सदस्यहरु रहने गरी नगरस्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुगमन तथा निर्देशन समिति गठन गर्ने निर्णय गरियो ।

- नगर प्रमुख श्री रामकृष्ण खाण - संयोजक
- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरी -सह संयोजक
- प्रमुख प्रशासकीय अधिकृत श्री नारायण अर्याल- सदस्य
- श्री स्नेहा पौडेल, नगर बाल संजाल, अध्यक्ष - सदस्य
- श्री हेमराज पौडेल, नगर स्तरीय टोल विकास संजाल,अध्यक्ष - सदस्य
- श्री सावित्रा घिमिरे, नगरस्तरीय अपाङ्गता समन्वय समितिको - सदस्य
- महिला बालवालिका शाखा प्रमुख श्री संझना भण्डारी- सदस्य सचिव

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ बमोजिम वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुगमन तथा निर्देशन उप-समिति गठन गर्न प्रत्येक वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-११

**"प्रधानमन्त्री रोजगार कार्यक्रम"** अन्तर्गत आ. व. २०७९/०८० मा न्यूनतम रोजगार प्रासगर्न यस नगरपालिकामा सूचीकृत ३२८ जना बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम **"बेरोजगार सूची निर्धारण तथा प्रथमिकीकरण मार्गदर्शन, २०७६"** को दफा ११ बमोजिम सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं.-१२

नगर क्षेत्र भित्रका सबै घरहरुलाई मेट्रिक प्रणाली अनुसार नगर क्षेत्रका सडक, मार्ग, पथ, गल्ली आदिको MTMP बाटोको कोड अनुसार अध्यावधिक गरी बाटोको नामहरु बैज्ञानिक प्रणाली अनुसार बाटोको कोड लाइ नै आधार मानी सोही आधारमा घर नम्बरिङ्ग वडा नं.-७ देखि १७ को रोकिएको कार्य अगाडी बढाउनका लागि सार्बजनिक खरिद नियमावली २०६४ को १२ औ ससोधन को नियम १२० लाई आधार मानी घर नम्बरिङ्ग वडा नं.-७ देखि १७ (RFP-HN-02-077-078) का लागि तिलोत्तमा नगरपालिका र श्रेष्ठ-स्कलर नेपाल-इन्नोभेटिभ जेभी बीचको संझौता २०८० बैशाख मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-१३

तिलोत्तमा नगरपालिका क्षेत्र अन्तर्गत पर्ने सुखौरा खोलाको नदीजन्य पदार्थ उत्खनन् कार्यका लागि स्टार ट्रेड एण्ड ईन्जिनियरिङ्ग प्रा.लि.काठमाण्डौले तयार गरेको प्रारम्भिक बातावरणीय परीक्षण IEE को TOR स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-१४

तिनाउ नदीको पहुनी घाट क्षेत्रको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा सो क्षेत्र शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिकाको साझा क्षेत्रमा पर्ने स्थान भएकोले सो क्षेत्रको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी सम्पूर्ण कार्य तिलोत्तमा नगरपालिकाले गर्ने र स्थानीय तहले प्राप्त गर्ने राजस्वको ३५ प्रतिशत शुद्धोधन गाउँपालिका र ६५ प्रतिशत तिलोत्तमा नगरपालिकाले बाडँफाडँ गर्ने सम्बन्धमा नगरकार्यपालिकाको मिति २०७८/१२/०९ गतेको निर्णय नं.२१ बमोजिम नै हुने गरी आ.व. ०७८/०७९ को स्थानीय तहले प्राप्त गर्ने राजस्व रु.२,६२,८०,०००/- लाई शत प्रतिशत मानी सोको ३५ प्रतिशतले हुने रकम रु.९१,९८,०००/- शुद्धोधन गाउँपालिकामा पठाउने निर्णय गरियो ।

निर्णय नं.-१५

मिति २०७५/०६/२० गते (बैठक संख्या ४३) को कार्यपालिका बैठकबाट यस नगरपालिकाभित्रका हाटबजार मध्ये साविकमा विद्यालयले व्यवस्थापन गरेका देहायका हाटबजारहरुको व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिई बजारबाट बैठकी कर ठेक्काको ५० प्रतिशतले हुन आउने रकम सम्बन्धित विद्यालयलाई दिने निर्णय भएकोमा आगामी दिनमा समेत सोही बमोजिम फिर्ता दिने निर्णय गरियो ।

देहाय

| क्र.स. | हाजबजारको नाम | रकम फिर्ता पाउने विद्यालय |
|---|---|---|
| १. | भलवारी हाटबजार | प्रभाव आधारभूत विद्यालय |
| २. | कोटिहवा हाटबजार | पशुपति मा.वि. |
| ३. | कान्छी बजार हाटबजार | जनहित मा.वि. |
| ४. | नौ नम्बर हाटबजार | जनता मा.वि. |
| ५. | शिवपुर हाटबजार | शिवपुर मा.वि. |
| ६. | रामनगर हाटबजार | नवज्योती शंकरमान श्रेष्ठ आधारभूत विद्यालय |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-१६

आ.व.२०७८/०७९ र २०७९/०८० गरी दुई आ.व. का लागि विज्ञापन कर उठाउने कार्यको लागि बोलपत्रदाता श्री शाइन हव प्रा. लि. विराटनगर-३ र यस कार्यालय बिच मिति ०७९/०२/२३ मा सम्झौता भई आ.व. २०७८/०७९ का लागि मात्र कार्यादेश दिईएको, सम्झौताको शर्त बमोजिम बोलपत्रदाताले २०७९ श्रावण मसान्त भित्र २०७९/०८० को प्रथम किस्ता रु.६,३७,५००/- दाखिला गरी आ.व.२०७९/८० का लागि ठेक्का नविकरण गर्नुपर्नेमा निजबाट उक्त रकम २०७९ भाद्र महिनामा मात्र दाखिला हुन आएको हुँदा प्रचलित कानुन बमोजिम हुने गरि प्रथम किस्ता रकमको १० प्रतिशतका दरले एक महिनाको हुन आउने रु.५,३१२/५० हर्जाना दाखिला गराई ठेक्का नवीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.-१७

चालु आ.व.को लागि सडक बोर्ड नेपालबाट यस नगरपालिकाको लागि अक्षरुपी असी लाख रुपैंया बजेट प्राप्त भएको हुँदा थप बजेट चालु आ.व.०७९/०८० कै नगर विकास योजना अन्तरगतको संघीय तथा प्रदेश सरकारसँग म्याचिंङ्ग शीर्षकबाट विनियोजन गरी तपसिलका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | योजनाको नाम | बजेट |
|---|---|---|
| १. | योगिकुटी-चप्परहट्टि तपाहा लाईन सडक मर्मत | ३५००००० |
| २. | सिदार्थ बोडिङ्गदेखि डिंगनगर सडक मर्मत क्रमागत | २०००००० |
| ३. | मधवलिया भुताहा सडक मर्मत वडा नं.१५, १६ र १७ | १५००००० |
| ४. | शिवपुर-बुधवारे हुदैं मक्रहर सडक मर्मत वडा नं.११ र १२ | ३०००००० |
| ५. | कोटिहवा-पूर्व सडक क्रमागत र वडा नं.१६को कार्यालय जाने सडक मर्मत | २५००००० |

विविध १८ (क)

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि,२०७७ (पहिलो संशोधन,२०७८ समेत) बमोजिम आ.व.२०७८/०७९ मा गरिएको कार्य प्रगतिका आधारमा यस नगरपालिकाको देहायका स्व-मूल्यांकन बिषय क्षेत्रहरुमा प्राप्त नतिजा प्रतिशतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| क्र.स. | बिषयक्षेत्र | प्राप्तांक (प्रतिशतमा) |
|---|---|---|
| १ | शासकीय प्रबन्ध | १०० |
| २ | संगठन तथा प्रशासन | १०० |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ९५.४५ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ९५.४५ |
| ५ | सेवा प्रवाह | १०० |
| ६ | न्यायिक कार्य सम्पादन | १०० |
| ७ | भौतिक पुर्वाधार | १०० |
| ८ | सामाजिक समावेशीकरण | ८५ |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ८३.३३ |
| १० | सहकार्य र समन्वय | ९५.८३ |

विविध १८ (ख)

देवदह साझेदारी वन उपभोक्ता समूह, देवदह-१०, रुपन्देहीको मिति २०७९/०९/०५ गतेको पत्रानुसार माग भए बमोजिम यस नगरपालिकाबाट प्रतिनिधीको रुपमा वडा नं. ८ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य श्री कृष्ण पौडेललाई सहभागी गराउने निर्णय गरियो । साथै अव उप्रान्त यस प्रकृतिका कार्यक्रमको लागि प्रतिनिधी माग भई आएमा दोहोरो नपर्ने गरी अन्य प्रतिनिधीज्यूहरुलाई पठाउने समेत निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख